# कोभिड-१९ का बिरामीहरूका उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी मार्ग निर्देशन, २०७७

(पहिलो संशोधन )

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# कोभिड-१९ का बिरामीहरूको उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी मार्ग निर्देशन, २०७७

## १. सन्दर्भ

**'कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६'** ले निर्देशित गरे अनुरूप कोभिड-१९ का बिरामीहरूको निदान र उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूलाई संक्रमणको संभावना वा जोखिम, शारीरिक तथा मनोसामाजिक असर हुने बढी सम्भावना भएकाले सो को व्यवस्थापन गर्न यो मार्ग निर्देशन जारी गरिएको छ ।

## २. मार्ग निर्देशनहरू

२.१ कोभिड अस्पतालमा कोभिड-१९ को बिरामीको निदान तथा उपचारमा प्रत्यक्षरूपमा संलग्न भएका चिकित्सक, नर्स लगायत स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरू सो अवधिमा अन्य रोगका बिरामीहरूको उपचारमा संलग्न हुनु हुँदैन ।उक्त कर्मचारीहरूको उचित व्यवस्था सम्बन्धित कोभिड अस्पतालले मिलाउनु पर्नेछ ।

२.२ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई आवश्यकता अनुसार लगातार ७ दिन सम्म दिनको बढीमा १२ घण्टा सम्म मात्र कार्य गर्ने व्यवस्था मिलाउनु पर्नेछ,

२.३ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरू कोभिड-१९ का बिरामीहरू बाहेकका अन्य सेवाग्राही, घरपरिवार र समाजमा प्रत्यक्ष सम्पर्कमा आउनु हुँदैन ।

२.४ छुट्टै कोठा, स्नानघर तथा शौचालय र प्रयोग गर्ने सामग्रीहरू भएको आवासको व्यवस्था निम्नानुसारको प्राथमिकता क्रममा गरिनु पर्नेछः

क) अस्पतालको क्वाटरमा,

ख) आफ्नै आवासमा,

ग) अस्पतालले पहिचान गरेको कुनै भवनमा (आधारभूत सेवा सहितको गुणस्तरीय र सुरक्षित स्थानमा),

घ) नजिकको गुणस्तरीय र सुरक्षित होटेलमा,

२.५ अस्पताल हाता बाहिर राख्नु पर्ने अवस्था भएमा निजहरूको आवतजावतका लागि छुट्टै सवारीसाधन प्रयोग गर्नु पर्नेछ । सो को व्यवस्था सम्बन्धित अस्पतालले गर्नु पर्नेछ,

२.६ लगातार ७ दिनसम्म दिनको १२ घण्टा काम गरेका कर्मचारीलाई अरू बिदा नकाटिने गरी एक हप्ताका लागि बिदामा बस्ने सुविधा दिनु पर्नेछ । यसरी बिदामा बस्दा अन्य व्यक्तिहरुसँग शारीरिक दूरी कायम गर्न उत्प्रेरित गर्नु पर्नेछ,

२.७ सम्बन्धित कर्मचारीले उपयुक्त व्यक्तिगत सुरक्षाका सामग्री (PPE) तथा विधिहरूको उचित प्रयोग गर्नु पर्नेछ,

२.८ बिरामीको उपचार गर्दा सम्मानपुर्वक गोपनीयताको हकलाई सुनिश्चित गर्दै मेडिकल इथिक्सको पुर्णरूपमा पालना गर्नु पर्नेछ । बिरामीको सम्पुर्ण सुचना तथा अभिलेखहरु चुस्त दुरुस्त र सुरक्षित राख्नु पर्नेछ। सबै सुचनाहरु तोकिऐको व्यक्तिले मात्र सम्प्रेषण गर्नुपर्ने छ । तोकिएका नियम तथा विधिहरूको पालना गरे नगरेको सुनिश्चित गर्ने जिम्मेवारि तोकिएको सुपरभाइजरको हुनेछ।

## ३. अस्पतालको जिम्मेवारी

३.१ आफ्नै आवासमा बस्न नसक्ने उपचारमा प्रत्यक्षहरूमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूको लागि गुणस्तरीय तथा स्वस्थ खानपान, सरसफाई र आवासको व्यवस्था मिलाउने । यस्तो व्यवस्थाका लागि वास्तविक खर्चका आधारमा रु. २००० (अक्षरेपि दुई हजार मात्र) मा नबढ्ने गरी प्रति व्यक्ति प्रति दिनका दरले अस्पताललाई रकम उपलब्ध गराउने ।

३.२ व्यक्तिगत सुरक्षाका विषयमा रोष्टरमा रहेका र अन्य सबै स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई तालीम वा समय समयमा थप जानकारी दिने,

३.३ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू र निजका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवा उपलब्ध गराउने,

३.४ आवासका लागि तोकिएको मापदण्डको सुनिस्चिता सम्बन्धित अस्पतालले गर्नुपर्नेछ र मापदण्ड बमोजिम भए नभएको अनुगमन अनुगमनको व्यवस्था सम्बन्धित तालुक निकायले गर्नेछ,

३.५ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई भूमिका अनुसार आवश्यक व्यक्तिगत सुरक्षाका सामग्रीहरू उपलब्ध गराउनका साथै संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरू (infection prevention and control measures) प्रोटोकल अनुसार पुर्णरूपमा पालना गराउने,

३.६ उपचारमा प्रयोग भएका व्यक्तिगत सुरक्षाका सामग्रीहरूको उचित विसर्जनको व्यवस्था गर्ने,

३.७ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूलाई स्वमुल्यांकन र कुनै चिन्ह वा लक्षणहरू देखिएमा तत्काल जानकारी गराउन उत्प्रेरित गर्ने,

३.८ उपचारमा प्रत्यक्षरूपमा संलग्न स्वास्थ्यकर्मीहरू तथा अन्य कर्मचारीहरूको कोभिड-१९ जाँच गर्ने व्यवस्था मिलाउने र यदि कोभिड-१९ पोजिटिभ देखिएमा प्राथमिकतामा राखि उपचार गर्ने,

३.९ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको जनशक्ति परिचालन अनुपात मापदण्ड अनुसार अस्पतालमा उपलब्ध जनशक्तिको समानुपातिक र समुचित रूपमा परिचालन हुने गरी रोष्टर बनाई आवश्यकता अनुसार परिचालन गर्ने । यस कार्य प्रयोजनका लागि बनाइएको रोष्टर अस्पताल प्रमुखबाट पूर्व स्वीकृत भएको हुनु पर्नेछ ।

३.१० यस मार्ग निर्देशनमा उल्लेखित व्यवस्था मिलाउन र अतिरिक्त सेवा सुविधाका लागि (अध्ययन अनुसन्धान, उत्प्रेरणा र सम्मान लगायत) सम्बन्धित अस्पतालहरूले स्थानीय वा प्रदेश सरकारसँग सहकार्य गर्न सक्नेछन्।

३.११ बिरामीको भार धेरै भई अस्पतालमा रहेका जनशक्ति अपर्याप्त भएको खण्डमा प्रादेशिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी थप जनशक्ति परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ४. आर्थिक श्रोतको व्यवस्था

४.१ यस निर्देशिका कार्यान्वयन गर्दा लाग्ने व्ययभार तोकिएका अस्पतालहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कोरोना संक्रमण नियन्त्रण, रोकथाम र उपचार कोषबाट उपलब्ध गराइनेछ।

४.२ यस निर्देशिका बमोजिम खर्च भएको रकम उपलब्ध गराउँदा सम्बन्धित अस्पतालले आवश्यक प्रमाणहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## ५. कार्यान्वयन अवधि र खारेजी

५.१ यो निर्देशिका कोभिड १९ भाइरस संक्रमण रोकथाम नियन्त्रणका लागि संचालन गरिएको अवधि सम्मका लागि मात्र कायम रहनेछ र त्यस पश्चात् स्वतः खारेज हुनेछ।

**नोटः** आवश्यकता र समयानुकूल यो मार्ग निर्देशन परिवर्तन गरिनेछ ।